# प्रदेश लोक सेवा आयोग

## कर्णाली प्रदेश, सुर्खेत

**प्रेस विज्ञप्ति**

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको पाँचौं वार्षिकोत्सव समारोह विभिन्न कार्यक्रमहरूको आयोजना गरी सम्पन्न भएको छ। आयोग स्थापना भएको दिन वि.सं. २०७७ साल फागुन ६ गतेको सम्झनामा २०८२ साल फागुन ६ गते आयोगको कार्यालय, वीरेन्द्रनगर, सुर्खेतमा आयोगको पाचौं वार्षिकोत्सव मूल समारोहको कार्यक्रम आयोगका माननीय कार्यवाहक अध्यक्ष श्री बसन्ती कुमारी सिंह शाहीज्यूको अध्यक्षतामा सम्पन्न भएको छ। कार्यक्रममा प्रदेश लोक सेवा आयोगका पूर्व अध्यक्ष तथा पदाधिकारीहरु, आयोगका पूर्व सचिव लगायतको उपस्थिति रहेको थियो। कार्यक्रममा आयोगका अध्यक्षज्यूले आयोगको प्रतिक चिन्ह (लोगो) मा उल्लिखित व्यहोरा वाचन गरी कार्यक्रमको समुद्घाटन गर्नु भएको थियो। कार्यक्रममा आयोगका पूर्व अध्यक्षज्यू तथा सचिवज्यूले आयोगले हालसम्म आफ्नो मूल सिद्धान्त योग्यता, निष्पक्षता र स्वच्छतालाई प्रमुख आधार मान्दै कार्यसम्पादन गर्न सफल भएको र भविष्यमा समेत आफ्नो कर्तव्य, दायित्व र जिम्मेवारी निर्वाह गर्नुपर्ने कुरामा जोड दिंदै कर्मचारी भर्ना र छनौट प्रक्रियालाई निरन्तरता प्रदान गर्नुपर्ने उल्लेख गर्नुभयो।

आयोगका माननीय कार्यवाहक अध्यक्ष श्री बसन्ती कुमारी सिंह शाहीज्यूले मन्तव्यका क्रममा आयोगले स्थापनाकालदेखी हालसम्म नेपालको संविधान, सेवाशर्तसँग सम्बन्धित कानून समेतका आधारमा आफ्नो कार्य सम्पादन गर्दै आएको उल्लेख गर्नुभयो। कार्यक्रममा आयोगका सदस्य माननीय श्री भक्त बहादुर ढकालज्यूले स्वागत मन्तव्य राख्नु भएको थियो र आयोगका सचिव श्री विपीन आचार्यज्यूले आयोगले हालसम्म गरेको कामकारबाहीसहितको कार्यपत्र पेश गर्नु भएको थियो।

आयोगको वार्षिकोत्सव मनाउने क्रममा आयोगमा कार्यरत कर्मचारीहरुबीच आन्तरिक ब्याडमिन्टन प्रतियोगिताको आयोजना गरिएको थियो। प्रतियोगितामा जम्मा ५ वटा समूहको सहभागिता रहेको थियो। विजयी समूहहरुलाई आयोगका माननीय कार्यवाहक अध्यक्ष, माननीय सदस्य र सचिवबाट मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो।

साथै आयोगबाट हालसम्म खुला तथा बढुवा समेत गरी २७६८ पदको लागि विज्ञापन प्रकाशन गरिएकोमा चौथो, पाँचौं, सातौं, आठौं र नवौं तहसमेतको प्रदेश निजामती सेवामा ८३० र स्थानीय सरकारी सेवामा १५१२ जनासमेत जम्मा २३४२ जनालाई नियुक्तिको लागि सिफारिस गरिसकेको छ। सिफारिस भएकामध्ये ८१६ महिला र १५२६ पुरुष रहेका छन भने अधिकृतस्तरमा ५५३, सहायक स्तरमा १७३७ र तहविहीन ५२ जना रहेका छन। आयोगले हाल सम्म माग गरेका विभिन्न पदहरुका लागि १ लाख १३ हजार ६७९ महिला र १ लाख ५६ हजार ५९९ पुरुष समेत जम्मा २ लाख ७० हजार २७८ जनाको दरखास्त परेको छ।

(चन्द्रवीर शाही)
सूचना अधिकारी

२०८२ साल फागुन ६ गते, बुधवार



टेलिफोन नं. ०८३-५९०३००, ५९०३०१ ईमेल: ppsckarnali@gmail.com, info.ppsc@karnali.gov.npवेबसाईट: https://ppsc.karnali.gov.np